बैठक संख्याः १५ मितिः २०७७/८/९

# निर्णयहरू

१. काठमाडौं उपत्यका लगायत कोभिड-१९ को संक्रमणको दर उच्च रहेका केही जिल्ला वा स्थानहरूमा कोभिड-१९ को संक्रमणको श्रृङ्खला तोड्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) ले संक्रमण जोखिमको आँकलन तथा विश्लेषण गर्ने र सोको आधारमा जोखिमयुक्त जिल्ला र क्षेत्र पहिचान गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC ) लाई उपलव्ध गराउने। सम्बन्धित जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC ) ले आफ्नो जिल्लाभित्रको कोभिड-१९ को संक्रमण जोखिमको विश्लेषण गरी जिल्लाभरि वा संक्रमणको बढी जोखिम भएको ठाउँ वा क्षेत्रमा मात्र लागू हुने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक व्यवस्था मिलाउन र सोको निमित्त आवश्यकतानुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकारसमेत प्रयोग गर्न सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी अधिकार सुम्पने।

२. चलचित्र प्रदर्शन गर्ने र बढी भीडभाड हुने एवं स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लागू गर्न नसकिने सेवा र कार्य बाहेक अन्य सेवा र कार्य स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना हुने गरी सञ्चालनमा ल्याउन सम्बन्धित मन्त्रालयले अनुमति दिने। मन्त्रालयले त्यसरी अनुमति दिएका सेवा र कार्य सञ्चालन गर्दा कोभिड-१९ संक्रमणको जोखिम विश्लेषणको आधारमा स्वास्थ्य तथा सुरक्षाका थप मापदण्ड लागू गर्न आवश्यक भएमा सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने। कोभिड-१९ संक्रमणको जोखिम विश्लेषणको आधारमा कुनै सेवा वा कार्यको सञ्चालनमा कुनै खास क्षेत्र वा ठाउँमा रोक लगाउन वा कुनै किसिमले नियन्त्रण गर्न आवश्यक देखिएमा दफा १. बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीले निर्णय गरी आवश्यक व्यवस्था मिलाउने।

३. कोभिड-१९ को संक्रमणका कारण क्वारेन्टिन वा आईसोलेशनमा बसी वा अस्पताल भर्ना भई कार्यालयमा उपस्थित हुन नसकेका सरकारी तथा अर्ध सरकारी निकाय एवं कार्यालयमा कार्यरत कर्मचारीहरूका हकमा सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टिन वा आईसोलेशनमा बसेको वा अस्पताल भर्ना भएको व्यहोरा प्रमाणित गरी क्वारेन्टिन वा आईसोलेशनमा बसेका कर्मचारीहरूलाई बढीमा १४ दिन र अस्पताल भर्ना भई उपचार गराएका कर्मचारीहरूलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गरी

ईश्वर पोखरेल

दिने। निजी संघ संस्थाका हकमा समेत सोही अनुसारको व्यवस्था गर्न गराउन अनुरोध गर्ने।

४. सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट संक्रमित भएमा वा कन्टयाक्ट ट्रेसिङ्गमा परेमा त्यस्ता पदाधिकारी वा कर्मचारीबाहेक अन्य कर्मचारी/पदाधिकारीबाट सार्वजनिक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउने। यसको नियमित अनुगमन सम्बन्धित मन्त्रालय र प्रदेश संकट व्यवस्थापन केन्द्र (PCCMC)/जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले गर्ने।

५. कोभिड-१९ संक्रमणको जोखिम विश्लेषण गरी स्वास्थ्य तथा सुरक्षाका मापदण्ड र तोकिएका शर्तहरू पूर्णपालना हुने गरी पारस्परिकता, आवश्यकता र औचित्यको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नियमित अन्तर्राष्ट्रिय हवाई उडानहरू सञ्चालन गराउने व्यवस्था मिलाउने। तर मित्रराष्ट्र भारतको हकमा एअर ट्राफिक बबलको अवधारणा अनुरूप प्रतिदिन एक/एक उडानमात्र सञ्चालन हुने गरी दुबै पक्षबाट तोकिएको कुनै एक वायुसेवालाई उडान गर्न अनुमति दिने। सम्बन्धित वायुसेवा मार्फत अन्तर्राष्ट्रिय हवाई उडानबाट नेपाल आउने यात्रुहरूले यात्रा गर्नु अघि नै International Traveler Online Form अनिवार्य रुपमा भर्ने/भराउने व्यवस्था मिलाउने। उक्त Online Form भरेका र विमानमा बोर्डिङ्ग हुने समय भन्दा बढीमा ७२ घण्टाअघिको PCR रिपोर्ट नेगेटिभ भएका यात्रुलाई मात्र ल्याउने व्यवस्थालाई कडाइकासाथ पालना गर्ने गराउने।

६. विदेशस्थित नेपाली नियोगबाट जारी हुँदै आएको नेपाल भ्रमणको प्रवेशाज्ञा पूर्ववत रूपमा जारी गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने।

७. विदेशी पर्यटक नेपाल भ्रमणमा आउँदा पालना गर्नुपर्ने शर्तहरू र मापदण्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोक्ने।

८. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/७/२४ गतेको निर्णयानुसार नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमनका विषयको देहायबमोजिम गर्ने र अन्य व्यवस्था उक्त मिति २०७७/७/२४ गतेको निर्णयबमोजिम नै हुने—

(क) स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड लगायत अन्य तोकिएका शर्तपालना हुने गरी हवाई मार्गबाट नेपाल प्रवेश गर्ने विदेशी यात्रुहरू नेपालको अन्तर्राष्ट्रिय

सचिव

ईश्वर पोखरेल
उपप्रधानमन्त्री

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

विमानस्थलबाट नेपाल प्रवेश गर्न पाउने व्यवस्था मिलाउने। तर स्थलमार्गबाट नेपाल प्रवेश गर्न नपाउने व्यवस्था पूर्ववत कायमै रहने।

(ख) "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ (संशोधनसमेत)" बमोजिम स्थलमार्गबाट नेपाल प्रवेश गर्न तोकिएका प्रवेश विन्दुबाट नेपाली नागरिकले नेपाल प्रवेश गर्न सक्ने व्यवस्था पूर्ववत कायमै रहने।

९. उल्लिखित व्यवस्थाको पूर्णपालना भए नभएको विषयको सम्बन्धित मन्त्रालय र प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC)/जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले स्थानीय प्रशासनको सहयोगमा अनुगमन गर्ने। यसरी अनुगमन गर्दा स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लगायत अन्य व्यवस्थाहरू उल्लघंन भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्रचलित कानूनबमोजिम कार्वाही गर्ने।

१०. काठमाण्डौ उपत्यकामा कोभिड-१९ संक्रमण व्यवस्थापनको लागि प्रयोग हुने एम्बुलेन्सहरुको लागि पार्किङ्गको प्रवन्ध गर्ने सम्बन्धमा काठमाण्डौ जिल्लामा सञ्चालन हुने एम्बुलेन्सको लागि काठमाण्डौ महानगरपालिकाले, ललितपुर जिल्लामा सञ्चालन हुने एम्बुलेन्सको लागि ललितपुर महानगरपालिका र भक्तपुर जिल्लामा सञ्चालन हुने एम्बुलेन्सको लागि भक्तपुर नगरपालिकाले एम्बुलेन्स पार्किङ्गको प्रवन्ध मिलाउने।

सचिव

ईश्वर पोखरेल
उपप्रधानमन्त्री

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं